# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**बागमती प्रदेश अन्तर्गतका प्रदेश मन्त्रालय र स्थानीय तहका स्वास्थ्य सेवा, विभिन्न समूहका प्राविधिक तर्फका आठौं तहका पदहरूको**

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ९७/०७८-७९ प्रकाशन मितिः२०७८/१०/१०**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम प्रदेश मन्त्रालय तथा स्थानीय तहमा रिक्त पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार प्रदेश मन्त्रालय तथा स्थानीय तह तोकी सिफारिस गरिनेछ। यसरी सिफारिस भएका उम्मेदवारहरूलाई सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त, तलब तथा अन्य सुविधा सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहको कानून बमोजिम हुनेछ।

**आ.प्र. तर्फः**

| क्र.सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | प्रदेश मन्त्रालय/स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५८१/०७८-७९ | आ.प्र. | कम्युनिटी नर्सिङ्ग अधिकृत | ७ | स्वास्थ्य | क.न./प.हे.न. | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| २ | ५८२/०७८-७९ | आ.प्र. | नर्सिङ्ग अधिकृत | ७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ३ | ५८३/०७८-७९ | आ.प्र. | फार्मेसी अधिकृत | ७ | स्वास्थ्य | फार्मेसी | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ४ | ५८४/०७८-७९ | आ.प्र. | फिजियोथेरापिष्ट | ७ | स्वास्थ्य | फिजियोथेरापी | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ५ | ५८५/०७८-७९ | आ.प्र. | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे. | ज.मे.ल्या.टे. | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ६ | ५८६/०७८-७९ | आ.प्र. | जनस्वास्थ्य अधिकृत | ७ | स्वास्थ्य | हे.इ. | | २ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | २ |

**खुला तथा समावेशीतर्फ**

| क्र.सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | प्रदेश मन्त्रालय/स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५९६/०७८-७९ | खुला | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | | १० | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | ९ |
| | | | | | | | | | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | १ |
| २ | ५९७/०७८-७९ | महिला | | | | | | २ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | २ |
| ३ | ५९८/०७८-७९ | आ.ज. | | | | | | २ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | २ |
| ४ | ५९९/०७८-७९ | मधेसी | | | | | | २ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | २ |
| ५ | ६००/०७८-७९ | दलित | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ६ | ६०१/०७८-७९ | खुला | कम्युनिटी नर्सिङ्ग अधिकृत | ७ | स्वास्थ्य | क.न./प.हे.न. | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ७ | ६०२/०७८-७९ | महिला | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ८ | ६०३/०७८-७९ | खुला | नर्सिङ्ग अधिकृत | ७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ९ | ६०४/०७८-७९ | खुला | फार्मेसी अधिकृत | ७ | स्वास्थ्य | फार्मेसी | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| १० | ६०५/०७८-७९ | खुला | फिजियोथेरापिष्ट | ७ | स्वास्थ्य | फिजियो थेरापी | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| ११ | ६०६/०७८-७९ | खुला | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे. | ज.मे.ल्या.टे. | २ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | २ |
| १२ | ६०७/०७८-७९ | महिला | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| १३ | ६०८/०७८-७९ | आ.ज. | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| १४ | ६०९/०७८-७९ | खुला | बायोमेडिकल इञ्जिनियर | ८ | स्वास्थ्य | विविध | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | ६१०/०७८-७९ | खुला | इन्टोमोलोजिष्ट | ७ | स्वास्थ्य | हे.इ. | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| १६ | ६११/०७८-७९ | खुला | जनस्वास्थ्य अधिकृत | ७ | स्वास्थ्य | हे.इ. | | ४ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | ४ |
| १७ | ६१२/०७८-७९ | महिला | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| १८ | ६१३/०७८-७९ | आ.ज. | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |
| १९ | ६१४/०७८-७९ | मधेसी | | | | | | १ | स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश | १ |

**परीक्षाको किसिम** : लिखित, सामूहिक छलफल र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : हेटौंडा।

**दरखास्त दस्तुर** : प्रत्येक विज्ञापनका लागि रु.१२००।-(बाह्र सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।
समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रु. ६००/-(छ सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्तको माध्यम** : विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात (जिल्ला प्रशासन कार्यालयबाट जारी भएको) लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना र नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडीको भाग स्क्यान गरी JPG Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०७८/११/०१ गते सम्म र दोब्बर दस्तुर तिरी २०७८/११/०८ गते सम्म।

**उम्मेदवारको उमेरको हद** :

- स्वास्थ्य सेवा तर्फका पदहरूको हकमा २०७८/११/०१ गते सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**अन्तर्वार्ता हुने मिति र स्थान** : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण**: प्रदेश सरकार तथा स्थानीय तहको प्रचलित कानून बमोजिम।

**तलब तथा सेवा सुविधा** : प्रदेश सरकार तथा स्थानीय तहको प्रचलित कानून बमोजिम।

- लिखित परीक्षा कार्यक्रमः

| विज्ञापन नम्बर | पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय<br>प्रथम चरण<br>प्रथम पत्र |
|---|---|---|---|
| ५८१/०७८-७९ (आ.प्र.) | कम्युनिटी नर्सिङ्ग अधिकृत/स्वास्थ्य/क.न./प.हे.न. | ७ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ । |
| ५८२/०७८-७९ (आ.प्र.) | नर्सिङ्ग अधिकृत/स्वास्थ्य/जनरल नर्सिङ्ग | ७ | |
| ५८३/०७८-७९ (आ.प्र.) | फार्मेसी अधिकृत/स्वास्थ्य/फार्मेसी | ७ | |
| ५८४/०७८-७९ (आ.प्र.) | फिजियोथेरापिष्ट/स्वास्थ्य/फिजियोथेरापी | ७ | |
| ५८५/०७८-७९ (आ.प्र.) | मेडिकल ल्याब टेक्नोलोजिष्ट/स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | ७ | |
| ५८६/०७८-७९ (आ.प्र.) | जनस्वास्थ्य अधिकृत/स्वास्थ्य/हे.इ. | ७ | |
| ५९६-६००/०७८-७९ (खुला/समावेशी) | मेडिकल अधिकृत/स्वास्थ्य/ज.हे.स. | ८ | |
| ६०१-६०२/०७८-७९ (खुला/समावेशी) | कम्युनिटी नर्सिङ्ग अधिकृत/स्वास्थ्य/क.न./प.हे.न. | ७ | |
| ६०३/०७८-७९ (खुला) | नर्सिङ्ग अधिकृत/स्वास्थ्य/जनरल नर्सिङ्ग | ७ | |
| ६०४/०७८-७९ (खुला) | फार्मेसी अधिकृत/स्वास्थ्य/फार्मेसी | ७ | |
| ६०५/०७८-७९ (खुला) | फिजियोथेरापिष्ट/स्वास्थ्य/फिजियोथेरापी | ७ | |
| ६०६-६०८/०७८-७९ (खुला/समावेशी) | मेडिकल ल्याब टेक्नोलोजिष्ट/स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | ७ | |
| ६०९/०७८-७९ (खुला) | बायोमेडिकल इञ्जिनियर/स्वास्थ्य/विविध | ८ | |
| ६१०/०७८-७९ (खुला) | इन्टोमोलोजिष्ट/स्वास्थ्य/हे.इ. | ७ | |
| ६११-६१४/०७८-७९ (खुला/समावेशी) | जनस्वास्थ्य अधिकृत/स्वास्थ्य/हे.इ. | ७ | |

आवश्यक न्यूनतम शैक्षिक योग्यता

क. आ.प्र.का लागि

प्रचलित स्वास्थ्य सेवा ऐनले तोके बमोजिमको शैक्षिक योग्यता र अनुभव ।

ख. खुला तथा समावेशीको लागि

**स्वास्थ्य/क.न./प.हे.न./कम्युनिटी नर्सिङ्ग अधिकृतः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ) नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त"

**स्वास्थ्य/जनरल नर्सिङ्ग/नर्सिङ्ग अधिकृतः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त"

**स्वास्थ्य/फार्मेसी/फार्मेसी अधिकृतः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह उत्तीर्ण"

**स्वास्थ्य/फिजियोथेरापी/फिजियोथेरापिष्टः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण"

**स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे./मेडिकल ल्याब टेक्नोलोजिष्टः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त"

**स्वास्थ्य/हे.इ./जनस्वास्थ्य अधिकृतः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधि प्राप्त"

**स्वास्थ्य/ज.हे.स./मेडिकल अधिकृत.ः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उत्तीर्ण"

**स्वास्थ्य/विविध/बायोमेडिकल इञ्जिनियरः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इञ्जिनियरिङ वा मेडिकल इलेक्ट्रोनिक इञ्जिनियरिङ विषयमा स्नातक उपाधि प्राप्त"

**स्वास्थ्य/हे.इ./इन्टोमोलोजिष्टः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधि प्राप्त"

खुला/समावेशी परीक्षाको लागि विशेष सूचना

१. स्वास्थ्य सेवा तर्फका पदहरूको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि प्रदेश मन्त्रालय तथा स्थानीय तहहरूको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्य उम्मेदवारले रोजेर बाँकी भएको स्थानको पदमा सिफारिस गरिनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

४. स्थायी वहालवाला कर्मचारीले समान पदमा दरखास्त दिन पाउने छैन ।

५. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै स्वयम् आयोगको कार्यालयमा उपस्थित भई आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

६. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

७. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

८. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

९. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको दरखास्त फाराम स्वीकृत/अस्वीकृत तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार आफैं हुनुपर्नेछ ।

१०. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ ।

११. यस सूचना बमोजिम तोकिएको माग पदको सङख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ।

१२. दरखास्त बुझाउने अन्तिम मिति २०७८/११/०१ गतेसम्म बागमती प्रदेशका प्रदेश मन्त्रालय तथा स्थानीय तहहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

**<u>समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन</u>**

परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

१. <u>आदिवासी/जनजातिका हकमा:</u> नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

२. <u>मधेसीका हकमा:</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

३. <u>दलितका हकमा:</u> राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।